# बैठक संख्या-३८ औं

आज मिति २०७६।०९।०९ गते बुधबार यस शुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक शुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१ श्री गुमानध्वज कुँवर - अध्यक्ष
२ श्री कल्पना कुमारी श्रेष्ठ - उपाध्यक्ष
३ श्री खीर बहादुर श्रेष्ठ - सदस्य
४ श्री कृष्ण कुमार कार्की - सदस्य
५ श्री ज्ञान बहादुर तामाङ - सदस्य
६ श्री लोक बहादुर कुँवर - सदस्य
७ श्री अचल कुमार कार्की - सदस्य
८ श्री भरत बहादुर शिवभक्ती - सदस्य
९ श्री रमेश राज खरेल - सदस्य
१० श्री मोतिलाल तामाङ - सदस्य
११ श्री दल बहादुर तामाङ - सदस्य
१२ श्री चित्र बहादुर तामाङ - सदस्य
१३ श्री माया तामाङ - सदस्य
१४ श्री सानुमाया पहरी - सदस्य
१५ श्री उर्मिला वि. क. बराइली - सदस्य
१६ श्री सावित्रा अछामी - सदस्य
१७ श्री बालकृष्ण पहरी - सदस्य
१८ श्री शंकर नेपाली - सदस्य
१९ श्री मदन कुमार बजगाँई - सदस्य सचिव

प्रस्तावहरुः

१ सामाजिक सुरक्षा वितरणलाई वैंकिङ्ग प्रणालीमा लैजाने समबन्धमा ।

२ कार्यपालिकाको नियमिति वैठक सम्बन्धमा ।

३ एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धमा ।

४ जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकलाई सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा।

५ जग्गा सिफारिस दर सम्बन्धमा ।

६ पर्यटन वोर्डको अनुदानबाट संचालित आयोजनाको रकम भुक्तानी सम्बन्धमा ।

७ नेपाल भ्रमण वर्ष २०२० को आवश्यक तयारीका लागि प्रचार प्रसार र प्रवर्द्धन सम्बन्धमा ।

८ उपभोक्ता समितिबाट संचालन हुने योजनाको अन्तिम समय सिमा तोक्ने सम्बन्धमा ।

९ विभाज्य कोषबाट प्रदेश सरकार प्रदेश नं ३ लाई रकम उपलब्ध गराउने सम्बन्धमा ।

१० आर्थिक सहयोग सम्बन्धमा

निर्णयहरु

१ प्रस्ताव नं १ उपर छलफल गर्दा यस गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई वैंकिङ्ग प्रणालीमा लैजाने निर्णय गरियो ।

२ प्रस्ताव नं २ उपर छलफल गर्दा यस गाउँपालिका गाउँ कार्यपालिकाको नियमिति वैठक हरेक महिनाको २ गते बस्ने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ उपर छलफल गर्दा यस गाउँपालिकाको शिक्षा समितिको मिति २०७६।०५।०२ को निर्णय बमोजिम तथा एक विद्यालय एक

Scanned with CamScanner

नर्स कार्यक्रम संचालन कार्यविधि २०७६ बमोजिम गाउँपालिकाको वडा नं ८ स्थित श्री प्रकाश माध्यमिक विद्यालयमा सो कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

४ प्रस्ताव नं ४ उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको मिति २०७६।०८।१८ को पत्र बमोजिम सहयोगको लागि माग भई आए बमोजिम सो कार्यालयले खरिद गरेका तीन थान प्रिन्टरबापत हाइटेक इन्टरनेशनल इन्फोसिसबाट जारी विल रकम रु ५५,५००/- (अक्षेरुपी पचपन्च हजार पाँच सय मात्र) रकम भुक्तानी गर्ने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं ७ र ८ मा जग्गाधनी लालपुर्जा वितरण नभएको तथा सो को लागि स्थलगत प्राविधिक टोली समेत खटिएकोले लालपुर्जा बनाउने प्रयोजनका लागि जग्गा सम्बन्धी सिफारिस दस्तुर रु ५०( अक्षेरुपी पचास मात्र) कायम गर्ने ।

६ प्रस्ताव नं ६ उपर छलफल गर्दा पर्यटन वोर्डको अनुदानबाट आर्थिक वर्ष २०७५।७६ मा संचालन भई सम्पन्न भएको पाँचखाल गुरुकुल पुर्वाधार निर्माण आयोजना लाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

७ प्रस्ताव नं ७ उपर छलफल गर्दा नेपाल भ्रमण वर्ष २०२० को प्रचार प्रसार, तयारी तथा आवश्यक कार्ययोजना निर्माण लगायतका कार्यहरु गर्नको लागि तपशिल बमोजिमको नेपाल भ्रमण वर्ष २०२० प्रचार प्रसार तथा प्रवर्धन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक-अध्यक्ष भुम्लु गाउँपालिका

सदस्य -उपाध्यक्ष भुम्लु गाउँपालिका

सदस्य -वडा अध्यक्षहरु सबै

सदस्य -दोलालघाट पर्यटन प्रवर्धनको प्रतिनिधि

Scanned with CamScanner

सदस्य -दोलालघाट उद्योग वाणिज्य संघको प्रतिनिधि

सदस्य दुलालेश्वर वातावरण तथा समाज सेवा क्लवको प्रतिनिधि

सदस्य भुम्लु सहकारी समन्वय समितिको प्रतिनिधि

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत

८ प्रस्ताव नं ८ उपर छलफल गर्दा यस आर्थिक वर्षमा उपभोक्ता समितिबाट संचालन हुने योजनाको सम्झौताको अन्तिम समय सिमा २०७६ पुष मसान्त तोक्ने निर्णय गरियो ।

९ प्रस्ताव नं ९ उपर छलफल गर्दा यस गाउँपालिकाको विभाज्य कोषमा जम्मा प्रदेश सरकार प्रदेश नं ३ लाई उपलब्ध गराउनु पर्ने रु१,८०,००,०००/- (अक्षेरुपी एक करोड असी लाख मात्र)प्रदेश सरकार, प्रदेश नं ३ लाई उपलब्ध गराउने निर्णय गरियो ।

१० यस गाउँपालिका वडा नं १० का श्री दिल बहादुर तामाङलाई ब्रेन ट्युमर उपचारको लागि सहयोग स्वरुप वापत रु २००००(अक्षरुपी रु २०,०००/-) उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner